# महाबु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गैडावाज, दैलेख

कर्णाली प्रदेश, नेपाल

महाबु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गैडावाज, दैलेख कर्णाली प्रदेश, नेपाल

Email: ito.mahaburmun@gmail.com
Mobile: 9858074603

पत्र संख्या: २०८२/८३

~~चलानी नम्बर~~: ८३
~~सूचना~~

मिति: २०८२/११/२५

**बिषय: न्युनतम रोजगारीमा संग्लग्न हुनका लागि निवेदन दिने सम्बन्धमा।**

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७ को उपनियम १ र राष्ट्रिय रोजगार प्रबर्द्दन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका,२०८२ को दफा १५ र १७ बमोजिम आ. ब. २०८३/८४ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बन्चित बेरोजगार व्याक्तिहरुलाई प्रदान गरिने १००(एक सय) दिन बराबरको न्युनतम रोजगारीमा संग्लग्न भई सार्बजनिक बिकास निर्माण तथा पूर्वाधार मर्मत सम्भारका काममा योगदान गर्न १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेका ईच्छुक बेरोजगार व्याक्तिहरुले बेरोजगार व्याक्तिहरुको सुचिमा सुचिकृत हुन आफु स्थाई रुपमा बसोबास गरेको वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८२ चैत मसान्तसम्म रास्ट्रिय रोजगार प्रबर्द्दन कार्यक्रम( संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १५ र १७ संग सम्बन्धित ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु:**

१) निवेदकको नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति

२) पासपोर्ट साईजको फोटो – १ प्रति

३) एकाघरमा रहेका परिवारका सदस्यहरुको नागरिकता/ जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति

४) निवेदकले सिपमुलक तालिम लिएको भए सो को प्रतिलिपि – १ प्रति

५) बसाईसराई गरेको भए सो को प्रतिलिपि – १ प्रति

निवेदन फारम वडा कार्यालयबाट नि:शुल्क प्राप्त गर्न सकिने छ साथै गाउँपालिकाको वेबसाइट बाट समेत प्राप्त गर्न सकिने छ।

.............................
रबिन्द्र बहादुर शाही
रोजगार संयोजक

.............................
उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री सुचना प्रबिधि इकाई : गाउँपालिकाको फेसबुक पेज र वेबसाइटमा अपलोड गरिदिनु हुन।

श्री वडा कार्यालयहरु सबै : वडाको सुचानापाटिमा सुचना टास गरि सो को जानकारी पठाउनु हुन।